☎:-०८४-४२०२७७
Email:info.dcbardiya@supremecourt.gov.np

श्री

# बर्दिया जिल्ला अदालत

## गुलरिया

पत्र संख्या :– ०७७।०७८ प्रशासन
चलानी नं. :–

मिति :– २०७८।०३।२२

## सूचना। सूचना।। सूचना ।।।

प्रस्तुत विषयमा यस जिल्लामा नयाँ भेरिएन्ट सहितको कोभिड-१९ संक्रमण फैलने दर कायमै रहेको र उक्त संक्रमणको साङलो तोड्न जिल्ला प्रशासन कार्यालय बर्दियाबाट मिति २०७८/०३/२१ गते जारी भएको सूचना अनुसार मिति २०७८।०३।३१ गते सम्म निषेधाज्ञा थप भएको सन्दर्भमा यस अदालतबाट मिति २०७८/०१/१३ र मिति २०७८/०३/०३ गतेको सूचना बमोजिमका बन्दीप्रत्यक्षीकरणको निवेदन, निषेधाज्ञाका निवेदन, म्याद थप, पक्राउ पुर्जि जारी, जरुरी पक्राउ पुर्जि समर्थन, अभियोग पत्र दर्ता, बयान, थुनछेक आदेश, घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता र सुनुवाई, CDR अनुमति, मिलापत्र, मुद्दा फिर्ता, मुद्दा डिसमिस, सजाय निर्धारण, धरौटी रकम फिर्ता, सरकारवादी अंग पुगेका थुनुवा मुद्दाको सुनुवाई, बाल सुधार गृहमा रहेका वालबालिका संलग्न अंग पुगेका सरकारवादी मुद्दाको सुनुवाई, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७३ नं बमोजिमका निवेदनहरुको सुनुवाई, अंग पुगेका देवानी मुद्दाहरुमा दुवै पक्ष उपस्थित भै मुद्दा सुनुवाई गरी पाउँ भनी निवेदन दिएका मुद्दाहरुको सुनुवाई सम्बन्धी काम कार्वाहीहरु भईरहेकोमा सोका अतिरिक्त मिति २०७८/०३/२२ गते बसेको बार र बेन्चको बैठकबाट देहाय वमोजिमका थप सेवाहरु प्रवाह हुने व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### देहाय

१. अधिकतम ५ थान सम्म फिराद पत्र दर्ता गर्ने।
२. तारेखमा रहेका मुद्दाका पक्षहरुले तारेख लिन चाहेमा दिने ।
३. नक्कल दिने ।
४. तहसिल शाखा तर्फका फैसला कार्यान्वय सम्बन्धी निवेदन दर्ता गर्ने ।
५. प्रतिउत्तर दर्ता गर्ने ।
६. जग्गा रोक्का/फुकुवा सम्बन्धी निवेदन दर्ता गर्ने ।

२०७८/०३/२२

.........................
निलकण्ठ बराल
श्रेस्तेदार(उपसचिव)